# विपद् उत्थानशील युवा महिला उद्यमी परियोजना

# जीवन सुरक्षा सामग्री खरिद सम्बन्धि सिलबन्दी दरभाउ पत्र आह्वान

## Terms of Reference (TOR)

**परिचय :**

सहमति द्धारा सञ्चालित विपद् उत्थानशील युवा महिला उद्यमी परियोजना नवलपरासी बर्दघाट सुस्ता पश्चिम सुस्ता गा.पा र प्रतापपुर गा.पा तथा गोरखा जिल्लाको शहिद लखन गा.पा. र पालुङ्गटार नगरपालिकामा संचालन भईरहेको छ । परियोजनाले युवा महिलाहरुलाई सीप विकास गराई उद्यम स्थापनामा सहयोग र सहजीकरण गर्ने लक्ष्य राखेको छ । विभिन्न विपद् र प्रकोपका कारण प्रभावित समुदायका लागि विपद् उत्थानशील उद्यमहरुमा लाग्न उत्प्रेरित गर्ने । साथै परियोजनाले स्थानीय सामुदायिक विपद व्यवस्थापन समिति तथा जिल्ला विपद व्यवस्थापन समितिहरुको क्षमता विकास, सहकारीहरुको संस्थागत विकासमा समेत सहयोग गर्ने, उद्यमीहरुबाट उत्पादित कृषि तथा गैरकृषिजन्य उपजहरुको बजारीकरणका लागि बजार केन्द्रहरुको प्रवर्द्धन र विकास गर्ने, स्थानीय कृषिउपजहरुको प्रशोधन र ब्राण्डिंग गर्न सहजीकरण गर्ने, उद्यमीहरुको उद्यम दर्ता र स्थापनामा सहयोग गरी वित्तिय सेवामा पहुँच पुर्‍याउने एवं उद्यम विकास र बजारीकरणमा नीजि क्षेत्रको सहभागिता प्रवर्द्धन गर्नमा परियोजना केन्द्रित रहेको छ ।

परियोजना सञ्चालित कार्यक्षेत्रमा प्रबर्धन गरिएका तथा सुदृढिकरणमा सहयोग गरिएका सामुदायिक विपद् व्यवस्थापन समितिहरुको संस्थागत विकास सगै विपद् उत्पन्न गर्ने प्रकोपजन्य घटनाको नियन्त्रण गर्न सकिँदैन, यद्यपि विपद् जोखिम न्यूनीकरण गर्न सकिन्छ । भन्ने सोचका साथ जीवन सुरक्षा सामग्री खरिद गरि स्थानीय विपद् व्यवस्थापन समिति वा निकायलाई सहयोग गर्ने लक्ष्य रहेकोमा नेपालमा आधिकारीक डिलरसीप तथा सप्लाई गर्ने अनुमति पाएका इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुले निम्नशर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी कोटेशन आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूची-१ मा भएका जीवनसुरक्षा सामग्रीहरुको गुणस्तर, उपयोगिता र टिकाउँ सम्बन्धी विस्तृत विवरण, बिक्रि पछिको सेवा तथा सुविधाहरु खुलाई प्रति इकाई दररेट पेश गर्नुपर्नेछ ।

३. आपूर्तिकर्ताले उल्लेखित परियोजनाको कार्यक्षेत्र सम्म ढुवानी गर्नु पर्नेछ ।

४. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मितिले ८ दिनभित्र बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

५. सिलबन्दी कोटेशन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्रदर्ता गर्न सकिनेछ ।

६. सिलबन्दी कोटेशन कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथमकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मन्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेतासँग वार्षिक सम्झौता गरिनेछ ।

९. सिलबन्दी कोटेशनको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

१०. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट (उल्लेखित अनुसूची १ मा उपलब्ध फारम नमूना अनुसार)

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्यअभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. सिलबन्दी कोटेशन बुझाएको निबेदन

११ अनुमानित आवश्यक सामग्रीहरुको परिमाण

| क.स. | सामग्रीको नाम | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | फायर पुरुफ ब्लाङ्केट | थान | २८ | |
| २ | फायर पुरुफ गमबुट | थान | ९३ | |
| ३ | हेल्मेट | थान | ९७ | |
| ४ | उद्दारका लागि प्रयोगहुने डाईनामिक डोरी | रोल | २० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सावेल | थान | २८ | |
| ६ | ह्यामर | थान | २८ | |
| ७ | गल | थान | १६ | |
| ८ | पञ्जा | थान | ३६ | |
| ९ | घन (२ के.जि.) | थान | ५ | |
| १० | मल्टिप्रपोज चक्कु सेट | सेट | २४ | |
| ११ | लाईफ ज्याकेट | थान | ८३ | |
| १२ | हेल्थ सेफ्टी बक्स | थान | १२ | |
| १३ | ह्याण्ड माईक | थान | १२ | |
| १४ | सर्च लाईट | थान | ३६ | |
| १५ | पूर्व सूचना ह्याण्ड साईरन | सेट | ६ | |
| १६ | बेल्चा | थान | ३६ | |
| १७ | स्टेचर | थान | ५ | |

*नोट : माथि उल्लेखित सामग्रीको संख्या आवश्यकता अनुसार थपघट हुन सक्ने छ । साथै दर रेट पेश गर्दा सामग्रीको क्याट लग वा फोटो उपलब्ध गराउनु पर्ने छ ।*

१२. सिलबन्दी कोटेशनपेश गर्दा अनिवार्य रुपमा यस TOR मा सम्लग्न अनुसूचि भरि प्रत्येक पानामा हस्ताक्षर गरि अन्य कागजात सहित पेश गर्नुपर्नेछ ।

१३. सिलबन्दी कोटेशन छनौट गर्ने वा नगर्ने वा रद्दगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

आधिकारिक स्थानीय/राष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ताहरूले दरभाउपत्र पेश गर्न सक्नेछन् । दर भाउपत्र पेशगर्दा **जिवन सुरक्षा सामाग्री वा Life Safety Materials** भनि लेखी सिलबन्दी दरभाउपत्र मिति २०७९।१२।१० गते तदअनुसार (24th March, 2023) भित्र सहमतिको कार्यालय, गैंडाकोट नगरपालिका, वडा नं. ५, नवलपरासी वा हुलाक कुरियर मार्फत बुझाउन सकिनेछ वा कार्यालयको ईमेल : kharid.sahamati@gmail.com मार्फत subject line मा **Life Safety Materials** लेखि पठाउन सकिने छ ।

।

**अनुसूची १**

**जीवन सुरक्षा सम्बन्धि सामग्रीहरुको विवरण**

| **क्र.स.** | **विवरण** | **ईकाई** | **विशिष्टता, ब्रान्ड, अपरेटिङ्ग प्रणाली, बिक्रि पछिको सेवा र वारेन्टी, ग्यारेन्टी उल्लेख गर्नुहोस** | **इकाई दर भ्याट सहित (रुपैयामा)** | **इकाई दर अक्षरमा (भ्याट सहित)** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | फायर पुरुफ ब्लाङ्केट | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| २ | फायर पुरुफ गमबुट | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| ३ | हेल्मेट | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| ४ | उद्दारका लागि प्रयोगहुने डाईनामिक डोरी | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| ५ | सावेल | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| ६ | ह्यामर | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| ७ | गल | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| ८ | पञ्जा | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| ९ | घन २ के.जि. | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | मल्टिप्रपोज चक्कु सेट | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| ११ | लाईफ ज्याकेट | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| १२ | हेल्थ सेफ्टी बक्स | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| १३ | ह्याण्ड माईक | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| १४ | सर्च लाईट | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| १५ | पूर्व सूचना ह्याण्ड साईरन | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| १६ | बेल्चा | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |
| १७ | स्टेचर | १ वटा | | | | क्याटलग वा फोटो अनिवार्य पेश गर्नुहोला |

नाम : हस्ताक्षर : छाप : मिति :